आकाशवाणी

October 24th, 2025 Friday

प्रमुख समाचार

१. रोजगार मेलाहरू युवाहरूको सपना पूरा गर्ने माध्यम बनेको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ

२. देशको विकासका लागि महिलाको सहभागिता आवश्यक रहेको राष्ट्रपति द्रौपदी मुर्मुको धारणा

३. बिहार विधानसभा चुनावको पहिलो चरणको प्रचार तीव्र

४. आन्ध्र प्रदेशको कुर्नूल जिल्लामा बसमा आगलागी हुँदा बीस जनाको मृत्यु

५. अनि बहराइनमा जारी एसियाली युवा खेलकुदमा भारतलाई कबड्डीमा दुई स्वर्ण पदक

-----------

1. PM Rojgar Mela

प्रधानमन्त्री नरेन्द्र मोदीले रोजगार मेलाहरू युवाहरूको सपना पूरा गर्ने माध्यम बनेको बताउनुभएको छ। श्री मोदीले आज नयाँ दिल्लीमा आयोजित १७ औं राष्ट्रिय रोजगार मेलाको अवसरमा भिडियो सन्देशमा यो कथन दिनुभएको हो। कार्यक्रममा, रोजगार मेला पहल अन्तर्गत विभिन्न सरकारी विभाग र संस्थाहरूमा नवनियुक्त ५१,००० भन्दा

बढी कर्मचारीहरूलाई नियुक्ति पत्र हस्तान्तरण गरिएको थियो। प्रधानमन्त्रीले 'विकसित भारत योजना' पनि सुरु गर्नुभयो , जसको उद्देश्य ३ करोड ५० लाख युवाहरूलाई रोजगारी प्रदान गर्नु हो। श्री मोदीले कौशल भारत अभियान जस्ता पहलहरूले युवाहरूलाई सीप तालिम प्रदान गर्दछ भन्नुभयो। उहाँले थप भन्नुभयो.

## 2. Prez – Women

राष्ट्रपति द्रौपदी मुर्मुले देशको विकासका लागि महिलाको सहभागिता आवश्यक रहेको बताउनुभएको छ। उहाँले महिलाको नेतृत्वमा रहेको समाज बढी मानवीय र प्रभावकारी हुने बताउनुभयो। राष्ट्रपतिले आज केरलाको एर्नाकुलममा रहेको सेन्ट टेरेसा कलेजको शताब्दी समारोहमा यो भनाइ राख्नुभएको हो। यस अवसरमा राष्ट्रपतिले राष्ट्र निर्माण र सामाजिक-आर्थिक सुधारमा उत्कृष्टताको उदाहरण प्रस्तुत गर्ने केरलाका महिलाहरूको स्मरण गर्नुभयो। उहाँले थप भन्नुभयो,

## 3. Bihar Election

बिहार विधानसभा चुनावको पहिलो चरणको लागि प्रचार तीव्र भएको छ। विभिन्न राजनीतिक दलका नेताहरू अभियानमा संलग्न छन्। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज समस्तीपुरमा चुनावी र्‍यालीबाट राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) को विधानसभा चुनावको अभियान सुरु गर्नुभयो ।

न्यालीको क्रममा, उहाँले राज्यमा विकासलाई तीव्र पार्ने र सामाजिक न्याय सुनिश्चित गर्ने वाचा गर्नुभयो ।

4. Nirmala - GST

वित्तमन्त्री निर्मला सीतारमणले आगामी पुस्ताको जीएसटी सुधारले कर प्रणालीलाई अझ प्रभावकारी, समतामूलक र विकासमुखी बनाउने बताउनुभएको छ। उहाँले इमान्दार करदाताहरूको जीवनलाई सहज बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उत्तर प्रदेशको गाजियाबादमा नयाँ सीजीएसटी भवनको उद्घाटन गर्दै वित्तमन्त्रीले कुशल कर प्रणालीले आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने बताउनुभयो।

5. Rajnath Singh – Army Commander

रक्षामन्त्री राजनाथ सिंहले राजस्थानको जैसलमेरमा सेना कमाण्डर सम्मेलनको अध्यक्षता गर्नुभयो। सेना कमाण्डर सम्मेलन सेनाको वरिष्ठ नेतृत्वको लागि सुरक्षा स्थितिको मूल्याङ्कन गर्न, सञ्चालन प्राथमिकताहरूमा छलफल गर्न र महत्त्वपूर्ण नीतिगत निर्णयहरू लिनको लागि एक उच्च-स्तरीय संस्थागत मञ्च हो।

6. Jaishankar – UN Day

विदेशमन्त्री डा. एस. जयशंकरले बहुपक्षीयताप्रतिको प्रतिबद्धता बलियो रहनुपर्ने र संयुक्त राष्ट्र संघलाई समर्थन गर्नुपर्ने बताउनुभएको छ। संयुक्त राष्ट्र संघको ८० औं

वार्षिकोत्सवको अवसरमा नयाँ दिल्लीमा एक स्मारक हुलाक टिकट विमोचन गर्दै डा. जयशंकरले शान्ति र सुरक्षाका साथै विकास र प्रगतिका आदर्शहरूप्रति भारतको प्रतिबद्धता दोहोऱ्याउनुभयो। उहाँले भन्नुभयो, भारत सधैं संयुक्त राष्ट्र संघ र बहुपक्षीयताको बलियो समर्थक रहेको छ र रहनेछ।

7. Bus - Fire

आज बिहान आन्ध्र प्रदेशको कुर्नूल जिल्लामा हैदराबादबाट बेंगलुरु जाँदै गरेको एक निजी स्लीपर बस मोटरसाइकलसँग ठोक्किँदा आगलागी भएको छ। १९ यात्रु र एक बाइक सवारको मृत्यु भएको छ भने धेरै घाइते भएका छन्। जिल्ला अधिकारीले बसमा दुई चालक सहित ४१ जना सवार रहेको बताएका छन्।

9. ITBP – Foundation Day

आज भारत-तिब्बत सीमा प्रहरी (ITBP) को स्थापना दिवस हो। यस अवसरमा उपराष्ट्रपति सी.पी. राधाकृष्णन र गृहमन्त्री अमित शाहले बलका बहादुर नायकहरूको प्रशंसा गर्नुभयो । सामाजिक सञ्जाल पोस्टमा उपराष्ट्रपतिले भन्नुभयो, यसको स्थापनादेखि नै, ITBP ले भारतको सीमा र जनताको रक्षा गर्न साहस, अनुशासन र अटल प्रतिबद्धताको उदाहरण दिएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै गृहमन्त्रीले कठोर परिस्थिति र कठिन मौसममा राष्ट्रको रक्षा गर्ने हिमवीरहरूको साहस र समर्पणको प्रशंसा गर्नुभयो ।

## 10. World Polio Day

आज विश्व पोलियो दिवस हो। यस अवसरमा स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले पोलियो उन्मूलनमा भारतको उल्लेखनीय यात्रालाई प्रकाश पार्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री नड्डाले पोलियो उन्मूलनमा स्वास्थ्यकर्मीहरूको प्रयासले सफलता सम्भव भएको बताउनुभयो ।

## 11. BSF-National Unity Day

सीमा सुरक्षा बल (BSF) का महानिर्देशक दलजित सिंह चौधरीले यस वर्षको राष्ट्रिय एकता दिवस समारोह भव्य र समावेशी हुने बताउनुभएको छ। नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उहाँले राष्ट्रिय एकता दिवस २०२५ को विषयवस्तु विविधतामा एकता, सद्भाव र राष्ट्र निर्माणको भावना रहेको बताउनुभयो । श्री चौधरीले नागरिकहरूलाई समारोहमा सक्रिय रूपमा भाग लिन र देशको एकता र अखण्डतालाई सुदृढ पार्न आग्रह पनि गर्नुभयो । उल्लेख्य, हरेक वर्ष अक्टोबर ३१ मा, गुजरातको नर्मदा जिल्लाको एकता नगरमा राष्ट्रिय एकता दिवस मनाइने गरिन्छ।

## 12. Sports News

अब खेल प्रसंगः **आइसिसी महिला क्रिकेट विश्वकपमा** आयोजक श्रीलंकाले आज कोलम्बोको प्रेमादासा रंगशालामा पाकिस्तानको सामना गरिरहेको छ। दुवै टोली सेमिफाइनल दौडबाट बाहिरिसकेका छन्। भारत, अष्ट्रेलिया, इङ्गल्याण्ड र दक्षिण

अफ्रिका अन्तिम चारमा पुगेका छन्। बहराइनमा जारी **एसियाली युवा खेलकुद** २०२५ मा भारतक◌ा १८ वर्ष मुनिका ठिटाहरू र ठिटीहरूको टोलीले **कबड्डीमा** स्वर्ण पदक जितेका छन्। **चौथो दक्षिण एसियाली एथलेटिक्स महासंघ** - SAFF च्याम्पियनशिप आज झारखण्डको रांचीमा सुरु हुँदैछ। भारत, श्रीलंका, नेपाल, बंगलादेश, भुटान र माल्दिभ्स - छ देशका २०६ खेलाडीहरूले प्रतियोगितामा भाग लिनेछन्।

------------